**आकाशवाणी खरसाङ्ः प्रादेशिक समाचार- नेपाली**
**मितिः २० जनवरी २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**मुख्य समाचार**

1. भाजपाका कार्यवाही अध्यक्ष नितिन नवीन राष्ट्रिय अध्यक्ष निर्वाचित । पदभार गरे ग्रहण।
2. एसआईआर लाई लिएर २४ परगना र हुगलीमा टिएमसी द्वारा हिन्सा।
3. अभिषेक व्यानर्जीले १० सदसीय प्रतिनिधि टोलीका साथ सीईओ लाई भेटने।
4. भारत सरकारले नेपाललाइ चुनावी मददको रूपमा ६० भन्दा बढ़ी वाहन गरयो भेट
5. पुलिस हैण्डबल क्लष्टर एसएसबी एफटिआर मा जारी

**भाजपा अध्यक्ष**

भारतीय जनता पार्टीका कार्यवाहक अध्यक्ष नितिन नवीन, पार्टीको राष्ट्रिय अध्यक्ष बनेका छन्। नयाँ दिल्लीस्थित भाजपा मुख्यालयमा आयोजित संगठन पर्व महोत्सवमा पार्टीका राष्ट्रिय रिटर्निङ अफिसर डा. के. लक्ष्मणले उहाँको नाम घोषणा गर्नु भयो। प्रधानमन्त्री नरेन्द्र मोदी र केन्द्रीय मन्त्रीहरू अमित शाह, राजनाथ सिंह, जे.पी. नड्डा र नितिन गडकरी लगायत वरिष्ठ भाजपा नेताहरूले उहाँलाई बधाई दिए।

यस अवसरमा प्रधानमन्त्री नरेन्द्र मोदीले भाजपालाई विश्वको सबैभन्दा ठूलो राजनीतिक पार्टी भन्दै श्री नवीनलाई बधाई दिनु भयो। प्रधानमन्त्रीले भन्नु भयो श्री नवीनले पार्टीको विरासतलाई अगाडि बढाउनेछन्। उहाँले अझ भन्नु भयो - नवनियुक्त भाजपा राष्ट्रिय अध्यक्ष देशमा ठूला आर्थिक, सामाजिक र प्राविधिक परिवर्तनहरू देखेको पुस्ता मध्ये एक हुन। प्रधानमन्त्रीले भन्नु भयो श्री नवीनसँग युवा ऊर्जा र संगठनात्मक कार्यमा व्यापक अनुभव छ, जुन प्रत्येक पार्टी कार्यकर्ताको लागि धेरै उपयोगी हुनेछ।श्री मोदीले भन्नु भयो - देशले घुसपैठ गर्नेहरूलाई आफ्ना नागरिकहरू र गरिबहरूको अधिकार हडपिन कहिल्यै अनुमति दिने छैन। उहाँले भन्नु भयो घुसपैठियाहरू देशको लागि सबैभन्दा ठूलो खतरा हुन् र तिनीहरूलाई फिर्ता पठाउनुपर्छ।

.... बाइट मोदी जी...घुशपैठिया........

प्रधानमन्त्रीले भन्नु भयो घुसपैठियाहरूलाई संरक्षण प्रदान गर्ने राजनीतिक दलहरूको पर्दाफास हुनुपर्छ। श्री मोदीले भन्नु भयो - सानो संगठनात्मक एकाइदेखि राष्ट्रिय अध्यक्षको निर्वाचनसम्मको सम्पूर्ण प्रक्रिया लोकतान्त्रिक रूपमा सञ्चालन गरिएको थियो। उहाँले भन्नु भयो - पार्टीको नेतृत्व परम्पराबाट प्रेरित, अनुभवले समृद्ध छ, र जनसेवा र राष्ट्रिय सेवाको भावनाका साथ संगठनलाई अगाडि बढाइरहेको छ।

उहाँले भन्नु भयो कि संगठन पर्वको भव्य उत्सव भाजपाको लोकतान्त्रिक विश्वास, संगठनात्मक अनुशासन र कार्यकर्ता-केन्द्रित दृष्टिकोणको प्रतीक हो।

श्री मोदीले भन्नु भयो भाजपामा जनताको विश्वास निरन्तर बलियो बन्दै गएको छ। उहाँले भन्नु भयो - पार्टीले विगत ११ वर्षमा जनताको विश्वास जित्न उल्लेखनीय यात्रा गरेको छ। प्रधानमन्त्रीले जोर दिन्दै भन्नु भयो - सार्वजनिक सेवा सधैं पार्टीको

सर्वोच्च प्राथमिकता रहेको छ। उहाँले भन्नु भयो भाजपा पद होइन, प्रक्रियाबाट संचालित परम्परा हो। श्री मोदीले भन्नु भयो- राष्ट्रीय अध्यक्षहरू परिवर्तन हुन्छन्, तर आदर्शहरू परिवर्तन हुँदैनन्।

नवनिर्वाचित राष्ट्रिय अध्यक्ष नितिन नवीनले प्रधानमन्त्री मोदीलाई यो पदमा पुग्ने अवसर दिएकोमा कृतज्ञता व्यक्त गर्नु भयो। उहाँले भन्नु भयो

........बाइट नितिन नवीन........

पार्टी अध्यक्षको रूपमा आफूलाई निर्वाचित गरेकोमा अन्य वरिष्ठ भाजपा नेताहरूलाई पनि धन्यवाद दिनु भयो। श्री नवीनले पार्टीका पूर्व राष्ट्रिय अध्यक्षहरूलाई सम्झँदै उपस्थित पूर्व राष्ट्रपतिहरूलाई अभिवादन गर्नु भयो। उहाँले २००६ मा पहिलो पटक विधायक बनेको देखि अहिलेसम्मको आफ्नो यात्राको स्मरण गर्नु भयो। श्री नवीनले यो दिनलाई संकल्पको क्षणको रूपमा वर्णन गर्नु भयो। उहाँले भन्नु भयो कि देशभरीका १.४ अर्ब जनता प्रधानमन्त्री नरेन्द्र मोदीको विकसित भारतको सपना साकार पार्न अथक प्रयास गरिरहेका छन्।

केन्द्रीय मन्त्री जे.पी. नड्डाले श्री नवीनलाई बधाई दिँदै यसलाई ऐतिहासिक अवसर भन्नु भयो। श्री नड्डाले भन्नु भयो श्री नवीन वैचारिक रूपमा परिपक्व हुनुहुन्छ, धैरै कम उमेरमा पाँच पटक विधायकको रूपमा सेवा गर्नुभएको छ। उहांले थप भन्नु भयो कि श्री नवीन एक युवा, ऊर्जावान र प्रतिभाशाली व्यक्तित्वले राष्ट्रिय अध्यक्षको पदको जिम्मेवारी ग्रहण गर्नुभएको छ।

श्री नवीन पार्टीको इतिहासमा सबैभन्दा कान्छो राष्ट्रिय अध्यक्ष हुनुहुन्छ र बिहारबाट यो पदमा नियुक्त हुने पहिलो भाजपा नेता हुनुहुन्छ। उहाँ हाल पटना जिल्लाको बाँकीपुर विधानसभा क्षेत्रको प्रतिनिधित्व गर्नुहुन्छ। लगभग दुई दशकको संगठनात्मक अनुभवका साथ, श्री नवीनले पार्टी भित्र धैरै प्रमुख भूमिकाहरू सम्हाल्नुभएको छ। उहाँले बिहारमा भारतीय जनता युवा मोर्चाको अध्यक्ष र छत्तीसगढको भाजपाको चुनाव प्रभारीको रूपमा काम गर्नुभएको छ।

**टिएमसी – बीजेपी एसआईआर**

सर्वोच्च अदालतले अनमैपिंग झण्डै एक करोड़ मतदाताहरूको नाम राज्य चुनाव अधिकारीलाई सार्वजनिक गर्न तथा विसंगती रहेका एसआईआरमा सुनवाईको समयावधि बढ़ाउने तथा त्यसका लागि थप मानिसहरूलाई खटाउने आदेश दिएपछि पश्चिम बंगालका टिएमसी महासचिव अभिषेक व्यानर्जीले मुख्यमंत्री ममता व्यानर्जीको जीत बताईरहेका छन् भने भाजपा विधायक अनि विधानसभामा पार्टीका मुख्य सचेतक शंकर घोषले पाल्टा हमला गर्दै एसआईआर प्रक्रियामा बाधा उत्पन्न गरिएकोमा शीर्ष अदालतको राज्य सरकारलाई कड़ा चेतावनी गरेको कुरा पुनः दोहराउनु भएको छ। शीर्ष अदालतले एसआईआर प्रक्रियाको बेला र सुनवाईको बेला कानून व्यवस्था बनाई राख्ने राज्य सरकारको दायित्व हो र यसलाई हर हालमा कायम राख्नु पर्छ भन्दै राज्य सरकारलाई निर्देश दिएको थियो। शंकर घोषले अभिषेक व्यानर्जीमाथि कटाक्ष गर्दै एसआईआर प्रक्रियाले जीवित भूत भोटरहरू गायब भएका छन्। अवैध बंगलादेशी मुसलमानहरू पकड़ा परेका छन् भन्दै एसआईआर प्रक्रिया मतदामा सूचीलाई शुद्धिकरण गर्नेछ भनी बताउनु भएको छ।

**एसआईआर सुनवाई को लेकर पश्चिम बंगाल में फिर बवाल, हिंसक प्रदर्श**

विशेष गहन संशोधन (SIR) सुनुवाइलाई लिएर पश्चिम बंगालका विभिन्न क्षेत्रहरुम फेरि एक पटक तनाव उत्पन्न भएको छ। दक्षिण २४ परगनाको बासन्तीस्थित एक सुनुवाइ केन्द्रमा प्रदर्शनकारीहरुले तोडफोड गर्यो , जबकि धोलहाटमा, सडक अवरोध र टायर बालेर विरोध प्रदर्शनहरू गरियो । यसैबीच, तृणमूल कांग्रेस (TMC) ले हुगलीको पोल्बा क्षेत्रमा फारम ७ लाई लिएर विशाल विरोध प्रदर्शन गरेको छ । आज बिहानदेखि, राज्यका विभिन्न क्षेत्रहरुमा, विशेष गरी दक्षिण २४ परगनामा, स्थिति तनावपूर्ण बनेको छ, धेरै स्थानहरूमा राज्य सडकहरू अवरुद्ध छन्।

आज बिहान SIR सुनुवाइ केन्द्र रहेको बासन्ती BDO कार्यालयमा अचानक हंगामा मच्चियो। सूचना पठाएर मानिसहरूलाई बोलाएर घण्टौंसम्म दुर्व्यवहार गरिएको आरोप लगाइएको थियो। जसको कारण आक्रोशित भीड़ले बीडीओ कार्यालयमा पसेर तोडफोड गरेको छ | प्रदर्शनकारीहरूले एसआईआरमा भएको कथित दुर्व्यवहारको विरोधमा बसन्ती राज्य सडक अवरुद्ध गरे। बिहान १० बजेदेखि लगभग एक घण्टासम्म सडक अवरुद्ध रह्यो,

दक्षिण २४ परगना जिल्लाको ढोलहाट क्षेत्रमा पनि यस्तै विरोध प्रदर्शन देखिएको थियो। यसैबीच, हुगली जिल्लाको पोल्बाको अलिनगर क्षेत्रमा तृणमूल कांग्रेसले फारम ७ लाई लिएर विरोध प्रदर्शन गऱ्यो। तृणमूल कांग्रेसले भाजपा कार्यकर्ताहरूले

लोकतान्त्रिक प्रक्रियाबाट नभई जबरजस्ती फारम ७ बुझाएर सामान्य मतदाताहरूको नाम एसआईआर सूचीबाट हटाउने प्रयास गरिरहेको आरोप लगाएको छ। यस आरोपमा तृणमूल नेता र कार्यकर्ताहरूले अलिनगर र भोगाची क्षेत्रमा टायर बालेर सडक अवरुद्ध गरेका छन्।

पुलिस र प्रशासनले हाल सबै क्षेत्रको अवस्थाको निगरानी गरिरहेको छ। प्रशासनले जनतालाई अफवाहहरूलाई बेवास्ता गर्न र शान्ति कायम राख्न अपील गरेको छ |

**अभिषेक बनर्जी -प्रस्तावित रैली**

तृणमूल कांग्रेसका लोकसभा सांसद ताथा राष्ट्रीय महासचिव अभिषेक बनर्जीले आगामी 27 जनवरीको दिन पश्चिम बंगालका मुख्य निर्वाचन अधिकारी (सीईओ) मनोज अग्रवाल सित भेट गर्न कोलकाता स्थित सीईओ कार्यालय जाने छन्। श्री भ्यानर्जीले पार्टीका अन्य 10 नेताहरूको एक प्रतिनिधिमंडल लिएर जाने छन् तथा एसआईआर प्रक्रियाबारे आपती दर्ता गराउने छन्।श्री ब्यानर्जीले आज सम्वाददाताहरूसित कुराकानी गर्दै सीईओ सित भेट गर्नका लागि एउटा ई-मेलपठाइएको बताएका छन्। पार्टी सूत्रहरू अनुसार, ई-मेलमा बैठकको एजेंडाबारे कुनै स्पष्ट उल्लेख गरिएको छैन।

**मालदा -तस्करी**

मालदा जिलामा हथियार तस्करीको एउटा ठूलो षड्यंत्रको जिला पुलिसले पर्दाफास गरेको छ। पुलिसले सोमवार राति कैयन टाउँहरूमा छापेमारी गरि 15 आग्नेयास्त्र, आठ मैगजीन र 25 राउंड ताज़ा कारतूस बरामद गरेको छ। तथा दुई जना हथियार तस्करलाई पक्राउ गरेको छ। यो जानकारी मालदा जिला पुलिसले आज एक पत्रकार वार्तामा दिएको हो।

**आईआईटी खड़गपुर**

भारतीय प्रौद्योगिकी संस्थान (आईआईटी) खड़गपुरमा आजदेखि 'एआई फॉर साइंस एंड टेक्नोलॉजी' विषयमा दुई दिवसीय कार्यशाला शुरु भएको छ। यस कार्यशाला 'एआई इम्पैक्ट समिट 2026' को प्री-समिट कार्यक्रम अनुरूप आयोजित भइरहेको छ। यसको आयोजन संस्थानको आर्टिफिशियल इंटेलिजेंस विभाग र कंप्यूटर साइंस एंड इंजीनियरिंग विभागद्वारा संयुक्त रूपमा गरिएको छ ।

**कालेबुङमा तीन दिवसीय संयुक्त तामाङ सोनाम ल्होछार**

संयुक्त तामाङ सोनाम ल्होछार महोत्सव आयोजक समिति, कालेबुङको आयोजनामा तीन दिवसीय सोनाम ल्होछार महोत्सव कालेबुङस्थित मेला ग्राउन्डमा भव्य रूपमा आरम्भ गरिएको छ। तामाङ समुदायको मौलिक संस्कृति, परम्परा, भाषा र पहिचानको संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गरिएको यस महोत्सवमा ठूलो संख्यामा दर्शक तथा समुदायका प्रतिनिधिहरूको सहभागिता देखिएको छ। महोत्सवको उद्घाटन समारोह धार्मिक विधिविधानसहित सुरु गरिएको थियो। उद्घाटन कार्यक्रममा प्रमुख अतिथिका रूपमा सम्माननीय रिम्पुच्ये उपस्थित रहनु भएको थियो। तीन दिनसम्म सञ्चालन हुने यस सोनाम ल्होछार महोत्सवमा सांस्कृतिक कार्यक्रमसँगै विभिन्न स्टलहरू, परम्परागत खानाका परिकार, हस्तकलाका सामग्री र सामुदायिक प्रदर्शनीहरू पनि राखिएको आयोजक समितिले जनाएको छ।

**नेपाल चुनाव भारतीय मदद**

नेपालको प्रतिनिधि सभा चुनावमा भारतले नेपाललाई मदद गर्ने कड़ीमा आज पहिलो खेपमा ६० भन्दा बढ़ी डबल - कैब पिकअप वाहनहरू र अन्य सामाग्रीहरूलाई आधिकारिक रूपमा नेपाललाई प्रदान गरिएको छ। काठमाण्डू स्थित भारतीय दूतावासका अधिकारीले नेपालका गृहमामिला मंत्री ओम प्रकाश अर्याललाई आज एक समारोहमा वाहनहरू तथा अन्य सामाग्रीहरू प्रदान गर्नुभयो। नेपाल सरकारलाई चुनावका लागि भारतीय सहयोग स्वरूप यी साधनहरू उपहार स्वरूप प्रदान गरिएको छ। नेपाललाई भारतले चुनावी मददका लागि झण्डै ६५० वटा वाहनहरू अनि चुनावी संसाधनहरू भेट गर्नेछ। यसै क्रममा आज यो पहिलो खेप प्रदान गरिएको हो।

**भाजपा मोर्चा प्रभारी**

भारतीय जनता पार्टी (भाजपा)को पश्चिम बंगाल इकाईले आज विभिन्न मोर्चाहरूको प्रभारि नियुक्त गरेको छ। भाजपाका प्रदेश अध्यक्ष र राज्यसभा सांसद समिक भट्टाचार्य द्वारा जारी सूची अनुसार, बांकुड़ा जिलाका विष्णुपुर लोकसभा सीटबाट सांसद सौमित्र खानलाई पार्टीको युवा मोर्चा प्रभारी, पुरुलिया जिलाका लोकसभा सांसद ज्योतिर्मय सिंह महतोलाई अनुसूचित जाति (एससी) मोर्चा प्रभारी, हुगलीबाट लोकसभा सांसद लॉकेट चटर्जीलाई राज्य महिला मोर्चा प्रभारी, बापी गोस्वामीलाई किसान मोर्चा प्रभारी तथा अजीत दासलाई अन्य पछौटे वर्ग (ओबीसी) मोर्चाका प्रभारी, खुड़ी राम टुडूलाई अनुसूचित जनजाति (एसटी) मोर्चा प्रभारी अनि अमिताभ रायलाई अल्पसंख्यक मोर्चा प्रभारी नियुक्त गरिएको छ। ।

**पुलिस हयाण्डबल**

सिलगड़ी रानी ड़ांगा नजीक रहेको सीमा सुरक्षा बल क्षेत्रिय मुख्यालयमा हिजो देखि शुरू भएको राष्ट्रिय पुलिस हैण्डबल क्लस्टर खेलको आज दोस्रो दिन महिला हैण्डबल लीग म्याचहरूमा एएसबी महिला टिमले हिमाल प्रदेश पुलिस महिला टिमलाई ३०- ०६ अंकले पराजित गरयो। अर्को महिला लीग म्याचमा हरियाणा पुलिसले मणिपुर पुलिसलई २८-२५ अंकले पराजित गरयो। यसैगरी पुरूष हैण्डबल लीग म्याचमा पंजाब पुलिसले एसएसबी लाई ३०-२४ अंकले पराजित गरयो। बास्केटबल पुरूष लीग म्याचहरूमा केराला पुलिसले बीएसएफ लाई ५५-४२ अंकको अन्तरले पराजित गरयो। बास्केटबलको एक अर्को म्याचमा राजस्थान पुलिसले तामिलनाडु पुलिसलाई ७२- २५ अंकको अन्तरले पराजित गरयो। एक अर्को म्याचमा बीएसएफ बास्केटबल टिमले आरपीएफ को टिमलाई ७२ -४२ अंकले पराजित गरयो। फिट ईण्डिया तथा खेलो भारत अभियान बमोजित आयोजित केन्द्रिय सशस्त्र बल तथा राज्य पुलिसबलहरूको यो दोस्रो राष्ट्रिय हैण्डबल र बास्केटबल प्रतियोगितामा देशका विभिन्न राज्यका पुलिस तथा केन्द्रिय सशस्त्र बलका ३० संस्थानहरूमा ८० महिला पुरूष टिमहरूले भाग लिईरहेका छनू।

**कालेबुङमा रेशम उत्पादन उपकरण वितरण**

पश्चिम बंगाल सरकार अन्तर्गत रेशम निर्देशनालय (Sericulture Directorate), कृषि विभागको आयोजनामा कालेबुङस्थित सेरिकल्चर इन्स्पेक्टर फार्म, बरबोटेमा रेशम उत्पादन प्रवर्द्धनका लागि उपकरणहरु वितरण गरिएको छ। आइ एस डी एस २०२४-२६ (ISDS 2024–26 ) योजनाअन्तर्गत आयोजित यस कार्यक्रममा मल्बेरी अथवा रेशमकिरा पालनका लागि आवश्यक उपकरणहरू मोठ ५२ जना कृषकहरूलाई वितरण गरियो।

**लेह - खेलो इन्डिया**

खेलो इन्डिया शीतकालीन खेलकुदको छैटौं संस्करण लद्दाखको लेहमा सुरु भएको छ। उपराज्यपाल कविन्द्रर गुप्ताले य सको उद्घाटन गर्नु भयो । २१ राज्य र केन्द्र शासित प्रदेशका खेलाडीहरूले हक्की र स्केटिङ जस्ता बरफ खेलहरूमा प्रतिस्पर्धा ग र्नेछन्।

**क्रिकेट.डब्ल्यूपीएल**

महिला प्रिमियर लिग क्रिकेट प्रतियोगितामा आज साँझ वडोदराको कोटाम्बी स्टेडियममा दिल्ली क्यापिटल्स र मुम्बई इन्डियन्स मा भिड़न्त हुनेछ। यो खेल साँझ साढे सात बजे सुरु हुनेछ ।

****** ० ******